# Upakar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

Head Office Kohalpur-11 Banke

## पाँचौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८०/०९/०६**

यहि मिति २०८०/९/४ गते बसेको संचालक समितिको ७३ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछुं।

**साधारणसभा हुने मिति, समय र स्थान :**

**सभा हुने मिति** : २०८० साल पुष २८ गते शनिबारवार (तद अनुसार १३ जनवरी, २०२४)
**सभा हुने समय** : बिहान १० बजे
**सभा हुने स्थान** : होटेल ट्रीटप ह्याभेन कोहलपुर, ११ बाँके

**बार्षिक साधारण सभाको छलफलका विषयहरूः**

**साधारण प्रस्तावहरूः**

१. संचालक समितिको अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगती प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०७९/०८० लेखा परिक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरू (मिति २०८० असाढ मशान्त सम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची हरू) समेत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८०।२०८१ को लेखापरिक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. मनोनित संचालक अनुमोदन गर्ने सम्बन्धमा ।
५. सर्वसाधारण समुहबाट संचालक निर्वाचन गरी नियुक्त गर्ने ।

**बिशेष प्रस्तावहरू**

१. संचालक समितिको दैनिक भ्रमण भत्ता वृद्धि गर्नका लागी नियमावलिमा संशोधन गर्ने सम्बन्धमा ।
२. अध्यक्षको संचार तथा पत्रपत्रिका खर्च सम्बन्धमा ।
३. संस्थाले अन्य लघुवित्त संस्थाहरू गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धि प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन (Due to diligence Audit DDA)गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्बन्धि समभ्रूदारी पत्रमा (Memorandum of UnderstandinG) तर्जुम गर्न र सो सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरूबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

## पाँचौ साधारणसभा सम्बन्धमा सामान्य जानकारी :

१. पाँचो वार्षिक साधरण सभा तथा लाभांस प्रयोजनकालागी यस वित्तीय संस्थाको मिति २०८० साल पुष १८ गते १ दिन सेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८०/०९/१८ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम वित्तीय संस्थाको सेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकि· लिमिटेड काठमाण्डौमा प्राप्त विवरणको आधारमा कायम सेयर धनिहरूको मात्र साधारण सभामा भाग लिन, मतदान गर्न, बोनस सेयर तथा लाभांस पाउन योग्य हुनेछन ।
२. पाँचौ वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरूले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आउनु हुन अनुरोध छ । संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा वित्तीय संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।
३. सेयरधनि महानुभावहरूलाई शेयरधनि दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिबेदन पुस्तिका पठाईने छ । कुनै कारण बंश उक्त पुस्तिका उपलब्ध नभएमा संस्थाको केन्द्रीय कार्यालय कोहलपुर, बाँके र नेपाल एसबिआई मर्चेण्ट बैंकि· लिमिटेड काठमाण्डौमा सम्पर्क गर्न हुन तथा वित्तीय संस्थाको वेभ साइड WWW.ulbsl.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।
४. नावालक शेयर धनिको तर्फबाट यस कम्पनीको शेयर लागत किताबमा संरक्षकको रुपमा नामदर्ता भएको ब्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछ ।
५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:३० बजेदेखि साधारण सभा सम्पन्न नभए सम्म खुल्ला रहनेछ ।
६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरूलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको निबेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै) भित्र वित्तीय संस्थाको कोहलपुर -११ स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
७. सेयरधनि महानुभावहरूको ब्यक्त गर्नु भएका मन्तब्य तथा प्रश्नहरूको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष आफुले वा निजबाट आदेश पाएका ब्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।
८. छलफलका विषय सुची मध्ये बिबिध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितीको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो बिषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन ।
९. शेयर धनि महानुभावहरू सभा स्थलमा आउँदा छाता भोला वा अन्य कुनै बस्तु नलिई आउन हुन अनुरोध गरिन्छ ।
१०. संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।
११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय कोहलपुर, बाँकेमा कार्यालय समय भित्र सम्पर्क गर्नु हुन अनुरोध गर्दछौ ।

**संचालक समितिको निर्देशन अनुसार**
**प्रमुख कार्यकारी अधिकृत**